# सार्क शिखर सम्मेलन सम्बन्धमा स्पष्टोक्ति

आगामी ९ देखि १० नोभेम्बर २०१६ मा पाकिस्तानको इस्लामावादमा आयोजना हुने तय भएको १९ औं सार्क शिखर सम्मेलनमा चार सदस्य राष्ट्रहरुले सहज वातावरण नभएको कारणबाट सफलतापूर्वक सम्मेलन सम्पन्न हुन नसक्ने भन्दैं सहभागिता जनाउन नसक्ने जानकारी गराएको सन्दर्भमा परराष्ट्र मन्त्रालयले १२ असोज २०७३ मा जारी गरेको प्रेस वक्तब्यलाई केही संचार माध्यमहरुले अन्यथा अर्थ लाग्ने गरी समाचार सम्प्रेषण भएको तर्फ मन्त्रालयको ध्यानाकर्षण भएको छ । सार्कको परम्परामा एक सदस्य राष्ट्रले मात्र भाग लिन नसक्ने जानकारी गराएको अवस्थामा पनि सार्क शिखर सम्मेलन आयोजना हुन नसक्ने स्पष्ट छ ।

सार्क शिखर सम्मेलन अनिश्चित कालसम्म स्थगित हुनु सार्क सदस्य राष्ट्रहरुको हितमा नहुने भएकोले उक्त प्रेस वक्तब्य मार्फत नेपालले सार्कको अध्यक्ष राष्ट्रको हैसियतले सबै सदस्य राष्ट्रहरुको सहभागिता सुनिश्चित हुनेगरी चाडो भन्दा चाडो सार्क शिखर सम्मेलन आयोजना गर्ने तर्फ सहज वातावरण तयार गर्न आह्वान गरिएको हो । यस सम्बन्धमा खासगरी आयोजक राष्ट्रको तर्फबाट आवश्यक वातावरण बनाउन पहल हुनेछ भन्ने आशा गरिएको छ । सार्कको वर्तमान अध्यक्षको हैशियतले नेपालले आफ्नो तर्फबाट पूरा गर्नुपर्ने भूमिका निर्वाह गर्न नेपाल तयार रहेको पनि स्पष्ट पारिन्छ ।

परराष्ट्र मन्त्रालय
१३ असोज २०७३

नेपाल सरकार
परराष्ट्र मन्त्रालय
काठमाडौं